संघीय संसद

प्रतिनिधि सभा

कानून, न्याय तथा मानव अधिकार समिति

# सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८०

(समितिबाट पारित मितिः २०८०/०६/२४)

(सदनमा प्रतिवेदन पेस भएको मितिः २०८०/०६/२५)

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं ।

## मन्तव्य

**सम्माननीय सभामुख महोदय,**

प्रतिनिधि सभाको मिति २०८० साल वैशाख १५ गतेको बैठकबाट प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११० को उपनियम (१) को खण्ड (ख) बमोजिम "दफावार छलफलका लागि विधेयकलाई सम्बन्धित समितिमा पठाइयोस्" भन्ने प्रस्तव पारित भएपश्चात् सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक कानून, न्याय तथा मानव अधिकार समितिमा प्राप्त भएको थियो ।

**सम्माननीय सभामुख महोदय,**

यो विधेयक समितिमा प्राप्त भएपछि समितिको मिति २०८० साल जेठ ८ गतेको बैठकमा विधेयक प्रस्तुतकर्ता माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले विधेयक प्रस्तुत गर्नुभएको थियो । समितिको मिति २०८० साल भदौ १९ गतेको बैठकले यो विधेयकको सम्बन्धमा संशोधनकर्ता एवम् सरोकारवालाहरूसँग छलफल गरी दफावार छलफलसमेत गरेर समितिसमक्ष प्रतिवेदन पेस गर्न ११ सदस्यीय उपसमितिको गठन गरेको थियो । उपसमितिमा माननीय श्री गोमा लाभ (सापकोटा) माननीय श्री चन्द्र बहादुर विश्वकर्मा, माननीय श्री ध्रुव बहादुर प्रधान, माननीय श्री नागिना यादव, माननीय श्री पुष्प बहादुर शाह, माननीय श्री प्रतिक्षा तिवारी, माननीय श्री रन्जु कुमारी झा, माननीय श्री रामकुमार राई, माननीय श्री सुनिल कुमार शर्मा, माननीय श्री शेर बहादुर कुँवर र माननीय श्री सोबिता गौतम रहनुभएको थियो भने यस उपसमितिको संयोजकको रूपमा माननीय श्री रन्जु झा रहनुभएको थियो । उपसमितिले आफ्नो कार्यजिम्मेवारी पूरा गरी मिति २०८० साल असोज २३ गतेको समितिको बैठकमा विधेयकसम्बन्धी उपसमितिको प्रतिवेदन पेस गरेको थियो ।

**सम्माननीय सभामुख महोदय,**

उपसमितिको प्रतिवेदन समितिमा पेस भएपश्चात् मिति २०८० साल असोज २४ गते समितिको बैठकमा उपसमितिको प्रतिवेदन र विधेयकमाथि छलफल भई यस विधेयकसम्बन्धी समितिको प्रतिवेदन पारित गरेको र उक्त प्रतिवेदन पेस गर्न म यस सम्मानित सदनमा उपस्थित भएकी छु ।

**सम्माननीय सभामुख महोदय,**

यो विधेयकको प्रतिवेदन तयार गर्दासम्म समितिका ४ ओटा र उपसमितिका १२ ओटा बैठकहरू बसेका छन् । विधेयकको प्रतिवेदन तयार गर्ने क्रममा १९ जना संशोधन प्रस्तावकर्ता माननीय सदस्यज्यूहरू र १२ ओटा मन्त्रालय एवम् निकायका पदाधिकारीहरूसँग घनिभूत रूपमा छलफल भएका छन् । त्यसै गरी विषय विज्ञ तथा सरोकारवालाहरूसँग समेत छलफल गरेर यस विधेयकको प्रतिवेदनलाई अन्तिम रूप दिइएको कुरा म यहाँ अवगत गराउँदछु ।

**सम्माननीय सभामुख महोदय,**

यो सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक मुख्य गरी दुईओटा विषयमा केन्द्रित भएर आएको छ । पहिलोः नेपालको व्यावसायिक वातावरण प्रवर्धन गर्ने रहेको छ । यसतर्फ ४ ओटा ऐनमा संशोधन प्रस्ताव गरिएको छ । दोस्रोः सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी रहेको छ । यसतर्फ १५ ओटा ऐनमा संशोधन प्रस्ताव गरिएको छ । विधेयकमा जम्मा १९ ओटा ऐनमा संशोधन प्रस्ताव गरेकोमा यस समितिले तीमध्ये ८ ओटा ऐन संशोधन सम्बन्धमा विधेयकका केही प्रावधानहरू परिमार्जन गर्ने गरी प्रतिवेदन तयार भएको छ ।

**सम्माननीय सभामुख महोदय,**

यो विधेयक पारित भएपछि हालको १९ ओटा ऐनमा संशोधन भई सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनका सम्बन्धमा कानूनी सुधार आउने र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी नेपालको कानुनी व्यवस्था अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुन गई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा राम्रो सन्देश जाने छ । नेपालको आर्थिक तथा वित्तीय अपराध नियन्त्रण गर्ने प्रणाली मजबुत हुने छ भने देशबाट हुने पुँजी पलायन रोक्न ठुलो मद्दत पुग्ने छ । स्वदेशी तथा विदेशी लगानी आकर्षण हुन गई आर्थिक, वित्तीय एवम् व्यावसायिक क्षेत्रमा सुशासन कायम हुने देखिन्छ ।

**सम्माननीय सभामुख महोदय,**

अन्त्यमा, समितिको यो प्रतिवेदन तयार गर्ने क्रममा सहयोग पुर्याउनुहुने माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, विधेयकका संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, संघीय संसदका महासचिव, सचिवलगायत सचिवालयका कर्मचारीहरू, सरोकारवाला मन्त्रालयका सचिवहरू, विषय विज्ञहरू एवम् सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरू तथा पत्रकारहरूलाई धन्यवाद व्यक्त गर्दछु ।

**सम्माननीय सभामुख महोदय,**

सभामुख महोदयको अनुमतिले अब म सम्पत्ति सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि समितिले दफावार छलफल गरी तयार गरेको प्रतिवेदनसहितको विधेयक प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२१ बमोजिम यस सम्मानित सदनमा पेस गर्दछु । धन्यवाद ।

(बिमला सुवेदी)
सभापति

**संघीय संसद**

**प्रतिनिधि सभा**

**कानून, न्याय तथा मानव अधिकार समिति**

**सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८०**

१. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेका "२०७९" भन्ने अङ्कहरुको सट्टा "२०८०" भन्ने अङ्कहरु राख्ने।

२. विधेयकको दफा २ बाट थप गर्न प्रस्ताव गरिएको दफा ३क. को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण तथा पारदर्शिता कायम राख्न देहाय बमोजिमको व्यापार सहजीकरण तथा पारदर्शिता इकाई रहनेछः-

(क) नेपाल सरकारको वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -संयोजक

(ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैङ्क -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ङ) महानिर्देशक, भन्सार विभाग -सदस्य

(च) महानिर्देशक, आन्तरिक राजस्व विभाग -सदस्य

(छ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग -सदस्य-सचिव

(२) उपदफा (२) को खण्ड (ग) मा रहेको "निकायमा" भन्ने शब्दको सट्टा "निकाय वा सम्बन्धित मुलुकमा" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थप्नेः-

"(३) व्यापार सहजीकरण तथा पारदर्शिता इकाईले आफ्नो कार्यसम्पादनको सिलसिलामा आवश्यक पर्ने कागजात तथा विवरण माग गरेमा त्यस्तो कागजात तथा विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।"

३. विधेयकको दफा ४ को उपदफा (२) बाट थप गर्न प्रस्ताव गरिएको,-

(१) दफा २६क. को स्पष्टीकरणमा रहेका "भन्नाले कुनै शुल्क लिई वा नलिई" भन्ने शब्दहरुको सट्टा "भन्नाले प्राकृतिक व्यक्तिबीच आपसी सहमतिमा गरिने खरिद बिक्री बाहेक कुनै शुल्क लिई वा नलिई" भन्ने शब्दहरु राख्ने।

(२) दफा २६ङ. को सट्टा देहायको दफा २६ङ. राख्नेः-

२६ङ. <u>सजायः</u> (१) कसैले इजाजतपत्र नलिई घरजग्गा सम्बन्धी करोबार गरेमा कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पच्चीस लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(२) इजाजतपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा इजाजतपत्र प्रदान गर्दाको सर्त विपरीत घरजग्गा सम्बन्धी करोबार गरेमा इजाजतपत्र दिने अधिकारीले त्यस्तो व्यक्तिलाई कारोबारको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा दश लाख रुपैयाँ जरिबाना गर्न सक्नेछ।"

(३) दफा २६ङ. पछि देहायको दफा २६च. थप्नेः-

"२६च. नेपाल सरकारवादी भई मुद्दा दायर गरिनेः दफा २६ङ. को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा नेपाल सरकारवादी भई सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरिनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची—१ मा समावेश भएको मानिनेछ।"

४. विधेयकको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) दफा २ को खण्ड (ड) पछि देहायका खण्ड (ड१) र (ड२) थपिएका छन्:-

(ड१) "क्यासिनो" भन्नाले पर्यटकको मनोरञ्जनको लागि परम्परागत रुपमा वा आधुनिक मेशिन वा विद्युतीय उपकरणको माध्यमबाट बाजी (बेट) राखी रकम जित वा हार हुने गरी खेलिने जुवा वा सट्टावाजी वा त्यस्तै किसिमको कुनै खेल खेलाउने व्यवसाय सम्झनु पर्छ।

(ड२) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ।"

(२) उपदफा (४) बाट मूल ऐनमा थप्न प्रस्ताव गरिएका दफा ४५ज. को उपदफा (१), दफा ४५झ., दफा ४५ञ., दफा ४५ट., दफा ४५ठ. को उपदफा (१), दफा ४५ढ. को उपदफा (१) र दफा ४५ण. को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "इजाजतपत्र" भन्ने शब्दको सट्टा "क्यासिनो सञ्चालनको इजाजतपत्र" भन्ने शब्दहरु राख्ने।

(३) दफा ४५छ. को,-

(क) उपदफा (१) को खण्ड (घ) मा रहेका "तीन किलोमिटरको दूरीभित्र" भन्ने शब्दहरुको सट्टा "पाँच किलोमिटरको दूरीभित्र" भन्ने शब्दहरु राख्ने।

(४) दफा ४५ज. को,-

(क) उपदफा (१) मा रहेका "मन्त्रालयमा निवेदन दिन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "विभागमा निवेदन दिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

(ख) उपदफा (४) मा रहेका "संवत् २०८० साल" भन्ने शब्दहरुको सट्टा "संवत् २०८१ साल" भन्ने शब्दहरु राख्ने।

(ग) उपदफा (५) मा रहेका "संवत् २०८१ साल" भन्ने शब्दहरुको सट्टा "संवत् २०८३ साल" भन्ने शब्दहरु राख्ने।

(५) दफा ४५ञ. को,-

(क) उपदफा (६) मा रहेका "इजाजतपत्र नवीकरण गर्नु अगावै" भन्ने शब्दहरुको सट्टा "यो दफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र" भन्ने शब्दहरु राख्ने।

(ख) उपदफा (६) पछि देहायका उपदफा (७), (८), (९) र (१०) थप्नेः-

"(७) क्यासिनो सञ्चालनको इजाजतपत्र प्राप्त व्यक्तिले ग्राहकबाट कर बापत कट्टा गरिएको रकम कट्टा भएकै दिन राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(८) दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) मा लेखिएको कुनै व्यवस्थाले यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त गरी अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट तीन किलोमिटरको दूरी कायम गरी सञ्चालनमा रहेका क्यासिनोले यस परिच्छेद बमोजिमको अन्य मापदण्ड पूरा गरी सोही स्थानमा सञ्चालन तथा नवीकरण गर्न बाधा पारेको मानिने छैन।

(९) यो दफा प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त गरी कुनै क्यासिनोले अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट तीन किलोमिटरको दूरी कायम गरी दफा ४५छ. को उपदफा (१) को खण्ड (घ) बमोजिमको दूरी कायम नगरेको भए यो परिच्छेद प्रारम्भ भएको मितिले तीन वर्षभित्र सोही दफाको उपदफा (२) बमोजिमको स्तर र मापदण्ड पूरा गरी क्यासिनो सञ्चालन गर्न वा अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट पाँच किलोमिटरको दूरी कायम गर्ने गरी स्थानान्तरण गर्नु पर्नेछ।

(१०) यो परिच्छेद प्रारम्भ हुँदाका बखत प्राप्त गरेको क्यासिनो सञ्चालनको इजाजतपत्र यस परिच्छेदको अधीनमा रही यसै ऐन बमोजिम प्राप्त गरेको मानिनेछ।"

(६) दफा ५ को ठाउँ ठाउँमा रहेको “मन्त्रालय” भन्ने शब्दको सट्टा “विभाग” र “सचिव” भन्ने शब्दको सट्टा “महानिर्देशक” भन्ने शब्द राख्ने।

५. विधेयकको दफा ७ को,-

(१) उपदफा (१) बाट थप गर्न प्रस्ताव गरिएको खण्ड (च२) मा रहेका “पच्चीस करोड रुपैयाँभन्दा बढी शेयर पुंजी वा वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको" भन्ने शब्दहरुको सट्टा "पचास करोड रुपैयाँभन्दा बढी शेयर पुंजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा सहकारी विभागको अनुरोधमा" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) बाट थप गर्न प्रस्ताव गरिएको दफा १००क. मा रहेका “पच्चीस करोड रुपैयाँभन्दा बढी शेयर पुंजी वा वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको" भन्ने शब्दहरु सट्टा "पचास करोड रुपैयाँभन्दा बढी शेयर पुंजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने" भन्ने शब्दहरु राख्ने।

६. विधेयकको दफा १० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:-

"(ग) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्टा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने मानव तस्करी सम्बन्धी कार्य गरे वा गराएमा।

(घ) किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यको लागि नेपाल ल्याउने।"

७. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) को खण्ड (ज) बाट थप गर्न प्रस्ताव गरिएको खण्ड (ल१) मा रहेका "राष्ट्रिय समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "समन्वय समिति" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (१२) बाट थप गर्न प्रस्ताव गरिएको,-

(क) दफा ७ब. को उपदफा (१) को खण्ड (च) र (ज) को सट्टा देहायका खण्ड (च) र (ज) राख्नेः-

"(च) समन्वय समितिको संयोजक - सदस्य

(ज) सचिव, अर्थ मन्त्रालय - सदस्य-सचिव"

(ख) दफा ७भ. को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिका खण्डहरुको क्रम मिलाउनेः-

"(च) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य"

(३) उपदफा (१४) बाट संशोधन प्रस्ताव गरिएको दफा ९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) गभर्नरले समन्वय समितिको परामर्शमा राष्ट्र बैङ्कमा कार्यरत कम्तीमा प्रथम श्रेणीका अधिकृतमध्येबाट तोकिए बमोजिमको योग्यता तथा अनुभव भएको अधिकृतलाई वित्तीय जानकारी इकाईको प्रमुखको रुपमा नियुक्त गर्नेछ र वित्तीय जानकारी इकाईको प्रमुख समन्वय समितिप्रति जवाफदेही हुनेछ।"

(४) उपदफा (२०) बाट संशोधन प्रस्ताव गरिएको दफा १५ को उपदफा (५) पछि देहायको उपदफा (६) थप्नेः-

"(६) अन्य मुलुकसँग सहयोग आदानप्रदान वा समन्वय गरी अनुसन्धान गर्नु पर्ने वा गम्भीर प्रकृतिको सम्बद्ध कसूर जोडिएको कसूरबाहेक यस ऐन बमोजिमको अन्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान सुरु भएको मितिले एक वर्षभित्र पूरा गर्नु पर्नेछ।"

(५) उपदफा (२५) बाट संशोधन प्रस्ताव गरिएको दफा १९ग. को उपदफा (२) मा रहेका "खण्ड (घ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (घ) वा (च)" भन्ने शब्दहरु राख्ने।

(६) उपदफा (३०) बाट संशोधन प्रस्ताव गरिएको दफा २८ को,-

(क) उपदफा (६) मा रहेका "सम्बद्ध कसूर वा सम्पत्ति शुद्धीकरणको" भन्ने शब्दहरुको सट्टा "यस ऐन वा प्रचलित कानून बमोजिमको" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "सोको अभिलेख राखी" भन्ने शब्दहरु झिक्ने।

(ख) उपदफा (७) मा रहेका "त्यस्तो व्यक्तिको" भन्ने शब्दहरुको सट्टा "त्यस्तो व्यक्तिले निजले कुनै कसूर गरी सम्पत्ति प्राप्त गरेको होइन भनी स्वघोषणा समेत गरेमा निजको" भन्ने शब्दहरु राख्ने।

(७) उपदफा (४२) बाट थप गर्न प्रस्ताव गरिएका,-

(क) दफा ३५क. को उपदफा (५) मा रहेका "सार्वजनिक रुपमा उपलब्ध हुने गरी" भन्ने शब्दहरुको सट्टा "सरकारी वा सूचक संस्थालाई माग भए बमोजिम उपलब्ध गराउने र अन्यको हकमा तोकिए बमोजिम उपलब्ध हुने गरी" भन्ने शब्दहरु राख्ने।

(ख) दफा ३५ज. को,-

(१) दफा शीर्षक पछि "(१)" अंक र शब्द थपी उपदफा (१) कायम गर्ने र सो उपदफामा देहायको खण्ड (क) थपि साविकको खण्ड (क) लाई (ख) कायम गरी त्यस पछिका खण्डहरुको क्रम मिलाउनेः-

"(क) गैरनेपाली नागरिक,"

(२) साविको खण्ड (छ) क्रम मिलाउँदा कायम हुने खण्ड (ज) पछि देहायका उपदफा (२) र (३) थप्नेः-

"(२) उपदफा (१) र दफा ३५छ. मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचक संस्था आफैं वा नियमनकारी निकायले विशेष परिस्थितिमा कुनै सूचक संस्थाको तोकिए बमोजिमको स्वदेशी वा विदेशी विज्ञबाट वा संयुक्त रुपमा विशेष परिपालना परीक्षण वा जोखिम मूल्याङ्कन गर्न वा गराउन बाधा पुगेको मानिने छैन।

(३) दफा ३५ङ. बमोजिमका सूचक संस्थाले परिपालना परीक्षण गराउनुपूर्व त्यस्तो संस्थाको जोखिम मूल्याङ्कनको स्वतन्त्र समीक्षा दफा ३५च. बमोजिमको परिपालना परीक्षक वा जोखिम सम्बन्धी नेपाली विज्ञबाट गराउनु पर्नेछ।

तर कुनै खास कारणले त्यस्तो समीक्षा वा परिपालना परीक्षण विदेशी विज्ञबाट गराउनु परेमा नियमनकारी निकायलाई जानकारी दिई गराउन बाधा पर्ने छैन।"

(८) उपदफा (४७) बाट थप गर्न प्रस्ताव गरिएको दफा ४४ज. को उपदफा (४) पछि देहाय बमोजिमको उपदफा (५) थप्नेः-

"(५) उपदफा (४) बमोजिमको प्रतिवेदनको आधारमा निर्देशक समितिले वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई नेपाल सरकार समक्ष पेश गर्नेछ र नेपाल सरकारले त्यस्तो प्रतिवेदन संघीय संसदमा पेश गर्नेछ।"

८. विधेयकको दफा १८ को,-

(१) उपदफा (२) झिकी सो पछिका उपदफाक्रम मिलाउने।

(२) साविकको उपदफा (४) क्रम मिलाउँदा कायम हुने उपदफा (३) बाट संशोधन प्रस्ताव गरिएको दफा १५० को उपदफा (६) मा रहेका "पच्चीस करोड रुपैयाँभन्दा बढी शेयर पुँजी वा वार्षिक पचास करोड रुपैयाँभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको" भन्ने शब्दहरुको सट्टा "पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा विभागको अनुरोधमा" भन्ने शब्दहरु राख्ने।

९. विधेयकको दफा २० उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ६९ को उपदफा (३) मा रहेका "प्राधिकरण तथा" भन्ने शब्दहरु झिकिएका छन्।"